प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

मिति २०७८।०४।२७ मा बसेको ७२औ नगरकार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

तपसिलका सडक बोर्डका योजनाहरुको म्याद २०७८ मंसीर मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।
क) गेजबाङ – मानागाउँ – खोलागाउँ – लम्छ्याङनेटा – झुलेनी मोटरबाटो निर्माण ।
ख) मझुवा – बुढादेबी – मर्याङ सडक निर्माण ।
ग) जुम्री हेल्थपोष्ट देखि सापडाँडा ओखरबोट सडक निर्माण ।

निर्णय नं. २

आ.ब. ०७७।७८ मा लुम्बिनी प्रदेश सरकार अन्तरगतको कितनेओजा खानेपानी योजना कोभिड – १९ को कारण संचालन हुन नसकि बिनियोजित बजेट फ्रिज हुन गएको र चालु आ.व. ०७८।०७९ मा सो कार्यक्रम समाबेश न देखिएकोले लुम्बिनी प्रदेश सरकारा समक्ष उक्त योजना बजेट सहित पुनः स्वीकृति गरिदिन लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

तपसिलका निर्माण ब्यवशायीहरुलाई "घ" बर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।
क) प्रतिक्षा निर्माण सेवा प्यूठान नगरपालिका ८ प्यूठान ।
ख) प्रनिका निर्माण सेवा प्यूठान नगरपालिका ३ प्यूठान ।
ग) अन्चल निर्माण सेवा प्यूठान नगरपालिका ८ प्यूठान ।

निर्णय नं. ४

यस नगरपालिकाबाट बिगतमा गरि आएको घर नक्सा तथा अभिलेखिकरणको काम चालु आर्थिक बर्ष ०७८/०७९ मा पनि यथाबत संचालन/ निरन्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिकाको चालु आ.व. ०७८।७९ को स्वीकृत गरिबी निवारणको लागि लघु उद्यम बिकास कार्यक्रम नयाँ उद्यमी सिर्जना गर्ने कार्यको लागि वडा नं. २ र वडा नं. ४ छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिका अन्तरगत तपसिलमा उल्लेखित नदीहरुको घाटहरुबाट वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन (IEE) मा उल्लेखित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी बिक्री वितरणको लागि मु.अ.क. कर बाहेक रु ३० लाख बराबरको शिलबन्दी दरभाउपत्र आवह्वानको लागि सूचना गर्ने ।

तपसिल

१. बेलुवा घाटगढ्ढी (सलधारी, फुलघाट,खैरा,बेलुवा,जुम्री दोभान सम्म)
२. विजुवार घाटगढ्ढी (जुम्री दोभान देखी सत्तरी सम्म, जुम्री दोभान देखी ढुङ्गेठाटि सम्म)
३. टिकुरी घाटगढ्ढी (सत्तरी देखि बाग्दुला पक्कीपुल ,सारिबाङ् सम्म)
४. सिसौधारी घाटगढ्ढी (बाग्दुला पुल देखी धाईरे सम्म, हाडिगैरा मरन्ठाना क्षेत्र)

अधिकृत